फो.नं. ०२३५९०४९८

# बिर्तामोड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

बिर्तामोड, झापा

कोशी प्रदेश, नेपाल

प.सं. ०८०/८१

च.नं. 860

मितिः२०८१/०३/०४

ने.सं. ११४४ तछलाध्व, ११ मंगलवार

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवासम्वन्धी सूचना।

श्री यो जो जस सँग सम्वन्धित छ।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालय श्री देवकोटा आधारभूत विद्यालय, बिर्तामोड – ९ मा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणी शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनि विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०३/०४ को निर्णयसहित विद्यालयको च.नं. २१/२०८०/८१ मिति २०८१/०३/०४ को पत्रबाट अनुरोध भई आएकोले सम्वन्धित तह, श्रेणी र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र बिर्तामोड नगरपालिकाको शिक्षा ऐन २०७९ (संशोधन सहित) को दफा ६१ र ६२ तथा संघीय शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अनुसूची १७ बमोजिमको ढाँचामा आफू अध्ययपनरत विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्वन्धित विद्यालयमा निवेदन दिन **शिक्षक सरुवासम्वन्धी निर्देशिका , २०८१ को** दफा ९ बमोजिम सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

नोटः

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना schooldevkota109@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिने छ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

२०८१/०३/०४

तिलचन भण्डारी

उपसचिव

**बोधार्थः**

श्री शिक्षा विकास तथा समन्वय इकाई, भद्रपुर, झापा।

श्री देवकोटा आधारभूत विद्यालय, बिर्तामोड -९ , झापाः शिक्षक सरुवा सम्वन्धी निर्देशिका, २०८१ बमोजिम सम्पूर्ण प्रक्रिया पुरा गरी यस कार्यालयमा पेश गर्नु हुन।

श्री सूचना प्रविधि शाखा, बिर्तामोड,झापाः वेभसाइटमा अपलोड गरिदिनु हुन।



CamScanner